हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना**

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी
जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल
लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि
फो.नं. ०३३५६१२१२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

वर्ष : ०१ अंक : ११७ पृष्ठ : ४ २०७७ मंसिर १२ गते शुक्रबार (Friday 27 November 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## महिलाको शंकास्पद मृत्यु

सिरहाको लहानस्थित शोभापुरमा एक मुस्लिम महिलाको शंकास्पद मृत्यु भएको प्रहरीले जनाएको छ । ईलाका प्रहरी कार्यालय लहानका अनुसार लहान नगरपालिका-१८ शोभापुरकी २५ वर्षीया इसरत खातुनको शंकास्पद मृत्यु भएको हो ।

घटनामा अनुसन्धानका लागि प्रहरीले केही व्यक्तिलाई नियन्त्रणमा लिएका छन् । मृतकको पति दिल मोहम्मद वैदेशिक रोजगारका लागि कतारमा छन् । उनी दुई छोराछोरी सहित एक्लै घरमा बस्दै आएकी थिइन् । स्थानीयका अनुसार उनलाई सोमबार राती आफन्तमा पर्ने सासु-ससुराले कुटपिट गरेका थिए । घाइते खातुनले स्थानीय औषधी पसलमा उपचार गराएकी थिइन । बुधबार साँझ उनको मृत्यु भएको हो । स्थानीयका अनुसार मृत्युपछि केही व्यक्तिले एम्बुलेन्समा राखि उपचार गराउन भन्दै अस्पताल पुऱ्याउन लगिरहेका बेला गाउँबाट प्रहरीलाई खबर पुग्यो ।

प्रहरी अस्पताल पुग्दा महिलाको मृत्यु भइसकेको थियो । शवलाई पोष्टमार्टमका लागि लहानस्थित राउ स्मारक अस्पतालमा राखिएको छ ।

ईलाका प्रहरी कार्यालय लहानका डिएसपी शरत थापा क्षेत्रीका अनुसार घटनाको जाहेरी आएको छ । त्यही अनुसार अनुसन्धान बढाएको उनले जानकारी दिए ।



'महिलालाई कुटपिट गर्ने आरोपित एक जनालाई नियन्त्रणमा लिएका छौं । थप अनुसन्धान भइरहेको छ,' डीएसपी थापाले भने,'अस्पताल पुऱ्याउने व्यक्तिले विष सेवन गरेको भनेर कुरा जानकारी गराएको छ । पोष्टमार्टमपछि सबै कुरा खुल्नेछ ।' मृतकका आमाबुबाले कुटपिटबाट छोरीको मृत्यु भएको बताएका छन् ।

## दुर्घटनामा दुई जनाको मृत्य

**सिरहा** । सिरहामा सवारी दुर्घटना हुँदा बिहीबार दुई जनाको मृत्यु भएको छ । सिरहा-चोहर्वा सडकखण्ड अन्तर्गत पदमपुरमा बस र मोटरसाईकल एक आपसमा ठोकिदा दुई जनाको मृत्यु भएको हो ।

प्रहरीका अनुसार सिरहाको चोहर्वा-सिरहा सडक खण्ड अन्तर्गत सिरहा नगरपालिका-१० स्थित पदमपुरमा बिहीबार दिउँसो सिरहाबाट चोहर्वा तर्फ आउदै गरेको ना ५ ख ५५१८ नम्बरको माँ शेराबाली यात्रु बस र विपरित दिशाबाट आउँदै गरेको प्रदेश २-०१००१-प १२५९ नम्बरको मोटरसाईकल ठोकिएर दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय लहान सिरहाका अनुसार दुर्घटनामा परि सिरहा नगरपालिका-११ भलुवाही बस्ने २५ वर्षिय देव नारायण कामती र सोही ठाउँका २६ वर्षिय अरूण कुमार कामतीको मृत्यु भएको हो । दुर्घटनामा परि गम्भीर घाईते भएका दुबैजनालाई एम्बुलेन्समा राखी सिरहा अस्पताल ल्याउँने क्रममा बाटोमा नै मृत्यु भएको प्रहरीले जनाएको छ ।

## उद्योग वाणिज्य महासंघको केन्द्रिय सदस्यको उम्मेदवार अशोक अमात्य को हुन् ?

**लहान** । नेपाल उद्योग वाणिज्य महासंघको ५४ औं साधारण सभामा हुने निर्वाचनमा जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष अशोकलाल अमात्यले केन्द्रिय सदस्यमा उम्मेदवारी दिएका छन् ।

बिहिबारबाट काठमाण्डौंमा सुरु भएको साधारणसभामा शनिबार निर्वाचन हुने जनाइएको छ । जसमा अमात्यले जिल्ला र नगर उद्योग वाणिज्य संघको तर्फबाट कार्यकारणी समितिको सदस्यमा उम्मेदवारी दिएका छन् ।

अमात्य सिरहामा जिल्लामा व्यवसायिक र सामाजिक सेवामा राम्रो छवी बनाएका व्यक्ति हुन् । उनी जिल्ला उद्योग वाणिज्य संघको अध्यक्षसँग दर्जनौं समाजिक संस्थामा आवद्ध रहेका छन् । उनी किशोर प्रधान समूहबाट उम्मेदवार भएको हो ।




**अमात्य आवद्ध रहेका संस्थाहरु**

**वर्तमान अध्यक्ष** : जिल्ला उद्योग वाणिज्य संघ, सिरहा लहान

**महासचिव** : जिल्ला उद्योग वाणिज्य संघ सिरहा लहान (२०५५-०५७)

**सल्लाहकार** : जिल्ला उद्योग वाणिज्य संघ सिरहा, लहान (२०६५-०७५)

**अध्यक्ष** : नेपाल अबुर्द रोग निवारण संस्था सिरहा शाखा लहान

**सल्लाहकार** : नेपाल मदिरा व्यवसायी महासंघ, काठमाण्डौं

**संस्थापक अध्यक्ष** : सगरमाथा वितरक संघ, लहान सिरहा

**सल्लाहकार** : लायन्स क्लब अफ लहान सिटी

**सदस्य** : रोटरी क्लब अफ लहान

**अध्यक्ष** : विराटनगर जेसिज (१९८८)

**अध्यक्ष** : भ्रमण वर्ष २०२० सिरहा

**E.V.P.** : नेपाल जेसिज (१९९१)

## गाँजा बोट नष्ट

**सिरहा** । सशस्त्र र नेपाल प्रहरीको संयुक्त टोली गोलबजार नगरपालिकाका विभिन्न स्थानमा लगाएको गाँजा बोट बिहीबार नष्ट गरेको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार संयुक्त गोलबजार नगरपालिका



क्षेत्रका चार सय बोट गाँजा फडानी गरिएको हो । प्रहरीले जिल्लामा गाँजा फडानी अभियानलाई तिब्रता दिएको छ ।







फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युरुन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## महिला हिंसा विरुद्ध अभियान

**‘लैंगिक हिंसा अन्त्यको प्रतिबद्धता : व्यक्ति, समाज र सबैको ऐक्यबद्धता’ भन्ने नाराका साथ १६ दिवसीय महिला हिंसा विरुद्धको अभियान सुरु गरिएको छ । हरेक वर्ष नोभेम्बर २५ तारिखदेखि १० डिसेम्बरसम्म यो अभियान विश्वभरी चल्ने गरेको छ । सिरहामा पनि अधिकारकर्मीहरुको सञ्जालले यो अभियानलाई सुरु गरेका छन् । उनीहरुले कथित बोक्सीको आरोप लगाएर कुटपीट गरिएकी पीडित महिलाको गाउँ नवराजपुर गाउँपालिकाबाट यो अभियानको सुरुवात गरेका छन् ।**

**अधिकारकर्मीहरुले यस अभियानबाट बोक्सी, बलात्कार, बालविवाह लगायत महिला हिंसाका घटना विरुद्ध जनचेतना जगाउने कार्यक्रमहरु गरिने जनाएको छ । यो आफैमा सकारात्मक कार्य हो । समाजमा अहिले पनि महिलाहरु हिंसाको चपेटामा छन् । उनीहरु अझैपनि कुनै न कुनै बहानामा हिंसा भोग्न बाध्य छन् । हिंसा भनेको एक व्यक्तिले अर्को व्यक्तिलाई दिइने यातना, पीडा, दुःख र अपमान हो । यो शारीरिक, मानसिक, आर्थिक, यौनजन्य वा जुनसुकै रुपमा पनि हुन सक्दछ ।**

**अर्कातिर कानुनमा प्रत्येक महिलाहरु प्रजनन् स्वास्थ सम्बन्धी हक अधिकार हुनेछ भनी उल्लेख गरिएतापनि महिलामाथि हुने हिंसा बढी नै रहेका छन् । समय समयमा आउने महिला हिंसा र अपराधमा शून्य सहनशीलता, घर शान्ति नै विश्वशान्तिको आधार महिला हिंसा विरुद्धका अभियान केही मात्रामा भइरहेतापनि व्यवहारिकतामा खासै परिवर्तन आएको देखिन्दैन । आज देशमा आएको परिवर्तन सञ्चार जगतको बढ्दो विकास, विश्वव्यापीकरण कानुनी संरक्षणका प्रयासहरु भएको देखिएता पनि महिलाहरुप्रति गरिने व्यवहार र सोचमा परिवर्तन आएको देखिन्दैन । चाहे अधिकारकर्मी होस वा राजनैतिक कार्यकर्ता जुनसुकै ठाउँमा रहेतापनि महिलाहरु कुनै न कुनै हिंसा खप्न बाध्य बनिरहेका छन् । जबसम्म महिलाहरुलाई हेर्ने दृष्टिकोण र उनीहरुलाई गरिने व्यवहारमा सकारात्मक परिवर्तन आउँदैन तबसम्म यस्ता घटनाहरुबाट महिलाहरु पीडित भइ नै रहेका हुन्छ ।**

**कुनैपनि हिंसात्मक क्रियाकलापले परिवार, समाज र विकासमा प्रत्यक्ष असर पार्ने भएकोले हिंसा अन्त्यका लागि हामी सबै एकजुट हुनु आवश्यक छ । नेपाली समाजमा व्याप्त पुरुष मानसिकतामा सकारात्मक परिवर्तन हुनुपर्दछ । त्यसैले सरकारले हिंसा अन्त्यका लागि अनुशासित समाज निर्माण गराउनु पर्दछ भने प्रत्येक महिलाहरुले आफ्नो हक, अधिकार र कर्तव्य के हो, कसरी हिंसा जन्य क्रियाकलापबाट जोगिन सकिन्छ भन्ने बारे शिक्षित, चेतनशील, सभ्य र अनुशासित हुनु आवश्यक छ । महिलाहरुलाई सम्मान गर्न सिक्नुपर्छ । अधिकारकर्मीहरुको १६ दिने अभियानले हिंसा अन्त्यका लागि नयाँ वातावरण सृजना गर्न सकोस ।**

# कस्तो हुनुपर्छ स्थानीय सरकारका प्राथमिकता ?

**पालिका बहस**

**चम्फासिंह भण्डारी**



**को**रोना भाइरसले विश्व मानव जातिलाई संकटग्रस्त बनाएको छ । विकसित र शक्ति सम्पन्न भनिएका मुलुकहरूले सबैभन्दा बढी पीडा बेहोरिरहेको अहिलेको सन्दर्भमा नेपालजस्तो मुलुकका लागि त झनै कष्टकर बनेको छ । भर्खर राजनीतिक स्थिरतातर्फ पाइला चालिरहेको र अर्थतन्त्रको जग निर्माणको अभियानमा जुटेको छ नेपालले यही बीचमा विनाशकारी भूकम्पको पीडा बेहोर्नुपऱ्यो । अहिले कोरोनाविरूद्धको लडाइँमा सिंगै मुलुक रहेको छ । यो समय कति लामो रहन्छ, अनुमान गर्न कठिन छ ।

यो पृष्ठभूमिमा हामीलाई महामारीको अवस्था र कोरोनापछिको अवस्थाबारे पर्याप्त छलफल र विश्लेषण गर्ने, क्षतिको अनुमान गर्ने र क्षतिलाई कसरी पूर्ति गर्न सक्छौं भन्ने सन्दर्भमा व्यापक छलफल र विश्लेषण गर्ने अवसरका रूपमा लिनु जरूरी छ ।

जनताबाट निर्वाचित पालिकाहरूले अर्थव्यवस्थालाई कसरी बचाउने भन्ने विषयमा निष्कर्षमा पुग्नुपर्नेछ भने नेपाली नागरिकलाई कसरी कोरोनाबाट बचाउने भन्ने स्वास्थ्य रणनीति तयार गरी सोहीअनुरूपको योजना बनाई कार्यान्वयन गर्ने अवसर पनि प्राप्त गरेको छ । वर्तमान संकटबाट पार पाउन सक्ने र त्यसले नेपाली अर्थतन्त्रलाई ओरालो लाग्नबाट जोगाई नेपालको कुल गार्हस्थ उत्पादनलाई बढाउने, काम नपाएर बेरोजगार बनेका युवाहरूलाई स्वदेशमै रोजगारी सिर्जना गर्ने काममा जोड दिनु आवश्यक छ ।

कम्तीमा खाद्यान्न, तरकारी, फलफूल, दूध, अन्डा, माछामासु नेपालमै उत्पादन र त्यसको बिक्री वितरणको व्यवस्थापन गरिनुपर्छ । कृषि क्षेत्रमा लगानी, कृषिजन्य उद्योगहरूको स्थापना र सञ्चालन, कोरोना रोकथाम लगायतका माहामारीको नियन्त्रणका लागि स्वास्थ्य क्षेत्रमा लगानी, आवश्यक जनशक्ति व्यवस्थापन, पूर्वाधार निर्माण तथा स्वास्थ्य उपकरणको परिपूर्ति गरी दिगो स्वास्थ्य क्षेत्रको व्यवस्थापन अहिलेको बजेटका प्राथमिकता बन्नु आवश्यक छ ।

**राहतलाई श्रमसँग जोड्ने र पारिश्रमिकको व्यवस्थापन**

अहिले सबै स्थानीय तहहरूमा रहेका नागरिक बन्दाबन्दीका कारण रोजगारीविहीन, कामविहीन बन्न पुगेका छन् । अधिकांश छिमेकी भारत र तेस्रो मुलुकमा रोजगारीमा गएका नेपाली युवाहरू कति फर्किइसकेका छन् भने कति फर्किने क्रममा छन् ।

उनीहरूका लागि निर्माण गरिएका क्वारेन्टाइन व्यवस्थापन, बिरामीहरूको पहिचान तथा उपचारजस्ता खर्च र कामविहीन भएका श्रमिकलाई दैनिक गुजारा गर्न आवश्यक खाद्यान्नलगायत राहतका लागि स्थानीय सरकारहरूले निर्माण गरेका कोरोना नियन्त्रण तथा उपचार कोषको रकम, प्रदेश सरकारबाट प्राप्त रकम र संघीय सरकारको कोषबाट प्राप्त हुने रकमबाहेक अन्य राहतमा खर्च गर्न नपाइने व्यवस्था गर्नु अहिलेको आवश्यकता हो ।

राहत तथा उपचारका लागि स्थानीय सरकारलाई रकम अपुग भए प्रदेश तथा संघीय सरकारको कोषबाट माग गर्ने र राहतका लागि काम दिने, श्रम गर्न आउनेलाई राहत दिने सरकारको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय सरकारहरूले ध्यान दिनु जरूरी छ ।

**बजेटका प्राथमिकताहरू**

यो वर्षको बजेट परिचालन गर्दा सबै पालिकाहरूले स्वास्थ्य क्षेत्रमा लगानी बढाउने र कृषि क्षेत्रलाई कृषिजन्य उद्योग स्थापना, कृषि उत्पादनको भण्डारण र बजारीकरणमा केन्द्रित गरी स्थानीय पालिकामा रहेका बेरोजगार युवा जनशक्तिलाई रोजगार दिने योजनामा ध्यान दिन विशेष निर्देश गर्ने, विपद् व्यवस्थापनलाई व्यवस्थित बनाउने र खर्च कटौतीलाई विशेष ध्यान दिंदै अनुत्पादक क्षेत्रमा लगानी नगर्ने कुरालाई प्रस्ट पार्नु जरूरी छ ।

**स्वास्थ्य क्षेत्रको सुधार र सुविधासम्पन्न स्वास्थ्य संस्था निर्माण अनि परिचालन**

अहिले हामी गम्भीर महामारीको चपेटामा छौं । यो कहिलेसम्म रहन्छ भन्ने कुरा यसले गर्ने क्षतिको अनुमान गर्न कठिन छ । यस्तो अवस्थामा हामीले हाम्रो लगानीलाई स्वास्थ्य क्षेत्रमा नयाँ अवसरका रूपमा ग्रहण गर्दै प्रत्येक पालिकाहरूमा सुविधासम्पन्न स्वास्थ्य संस्थाको निर्माण र परिचालनलाई पहिलो प्राथमिकता दिनुपर्छ ।

यस्ता महामारीहरू निरन्तर रूपमा हामीले भोग्नुपर्छ र आम नागरिकको जीवनरक्षा राज्यको दायित्व हो भन्ने कुरालाई गम्भीरताका साथ लिँदै स्वास्थ्योपचारका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण, आवश्यक उपकरण व्यवस्थापन, दक्ष जनशक्ति निर्माण र परिचालनले मात्रै हामीले नागरिकको जीवन बचाउन सक्छौं । यसका लागि आगामी आर्थिक वर्षको बजेट मूल रूपमा परिचालन गरी स्वास्थ्य क्षेत्रमा स्थानीय सरकारको लगानी बढाउनु आवश्यक छ ।

**टोल विकास संस्थाको गठन र परिचालन**

सबै स्थानीय तहमा टोल विकास संस्थाको निर्माण र परिचालन गरी पालिकाका रहेका श्रम गर्न सक्ने जनशक्ति, ज्येष्ठ नागरिक, फरक क्षमताका मानिसहरू, दीर्घरोगीहरू, एकल महिला तथा अभिावकविहीन बालबालिकाको अभिलेख व्यवस्थित गर्नु जरूरी छ ।

टोल विकास संस्थाहरु निर्माण गरी परिचालन गरियो भने उक्त टोलमा रहेको सबै किसिमको जनशक्ति, जनसंख्या, रोजगार, बेरोजगार, बाहिर गएर काम गर्ने वा स्वदेशमै काम गर्ने, को बाहिर गयो, को फर्केर आयो ? खेतीयोग्य जमिन कति ? पशुपक्षीपालनको अवस्था, स्थानीय स्रोत, सरकारी सेवा( सुविधामाथिको पहुँचजस्ता धेरै कुरालाई अभिलेखबद्ध बनाउन सकियो भने भविष्यमा आउने विपद् व्यवस्थापनमा स्थानीय पालिकाहरूलाई सहयोग तथा योगदान हुन सक्छ । यस दिशामा स्थानीय सरकारहरु केन्द्रित हुन आवश्यक छ ।

**युवा स्वयंसेवकहरूको गठन र परिचालन**

एउटा पालिकाभित्र कम्तीमा एक सय जनासम्मका युवा स्वयंसेवक छनोट गर्ने, आवश्यक तालिमको व्यवस्था मिलाउने र तिनलाई सबै वडाहरूमा आवश्यक काममा खटाउने कार्यले एकातिर युवाहरु रोजगार हुनेछन् भने अर्कोतिर पालिकाहरूमा रहेको जनशक्तिको अभाव परिपूर्ति गर्ने, आवश्यक काममा खटाउन सकिने र विपद् व्यवस्थापनमा द्रुत रूपमा सेवा प्रदान गर्न सकिने अवस्थालाई ध्यानमा राखेर यो काम ज्यादै महत्वपूर्ण हुनेछ ।

यसलाई नियमित स्वयंसेवक वा आंशिक स्वयंसेवकका रूपमा परिभाषित गर्न सकिन्छ । यिनलाई पारिश्रमिकको व्यवस्थापन युवा स्वरोजगार कोष, प्रधानमन्त्री रोजगार कोष र मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम वा पालिका आफैले बनाएको रोजगार कोष निर्माण गरी त्यसलाई दिगो बनाउन सकिन्छ ।

युवा स्वयंसेवकहरूलाई छाडा पशु व्यवस्थापन, बजार व्यवस्थापन, दुर्घटना न्यूनीकरण, नदी नियन्त्रण, तटबन्ध निर्माणलगायतका अन्य वडागत प्रशासनिक काममा समेत योगदान गर्न सक्छन् । सामाजिक परिचालन, नगर सुरक्षा र सरसफाइजस्ता धेरै काममा पालिकाका पदाधिकारी तथा सदस्यहरूको सहयोगीको रूपमा काम गर्न सक्छन् ।

**उद्यमशीलता तालिम र उद्यम सञ्चालनमा अनुदान**

स्थानीय सरकारहरूले स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउन युवाहरूका लागि अभियानगत रूपमा उद्यमशीलता तालिम सञ्चालन गरिनुपर्छ । पालिकाका सबै वडाहरूमा कम्तीमा दुई सय जनालाई तालिम दिने र तालिम लिएकाहरूले छनोट गरेको उद्यम सञ्चालन प्रस्तावका आधारमा अनुदान प्रदान गरी कामको मूल्यांकन

*बाँकी ३ पेजमा*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । लाभदायक यात्राको सम्भावना छ । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**वृष** :- धार्मिक यात्रा गर्दा ध्यान दिनुहोला बाटोमा दुःख हुन सक्छ । काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन् । स्वरोजगारीका निम्ति दौडधूप गर्नुपर्ने हुन सक्छ ।

**मिथुन**:- तपाईंको लगनशिलतालाई भित्रभित्रै मन पराइएको अवस्था छ । अभिभावकको सुझाव मुताबिक निर्णय लिनुमै आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला ।

**कर्कट** :- वाणीमा कुशलता आउनेछ । करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्वपूर्ण भुमिका निर्वाह गर्नेछ । रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ ।

**सिंह**:- धार्मिक तथा महत्त्वको क्षेत्रको भ्रमण हुनसक्छ । परोपकारका क्षेत्रमा लगानीको समय छ । गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ ।

**कन्या** :- मान सम्मान तथा ईज्जत प्रतिष्ठामा दाग लाग्न सक्छ ख्याल गर्नुहोला । प्रेमी र प्रेमिकाका बिच खिन्नता बढ्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्ला ।

**तुला** :- व्यवसायिक क्षेत्रबाट लाभ हुने, परोपकारजन्य कार्यमा लगाव बढ्ने र धनसञ्चयको अवसर प्राप्त हुनेछ । आज हाँसखेल र मनोरञ्जनपूर्ण समयपनि हो ।

**वृश्चिक** :- आज हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । दुरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरू हुन सक्छ ।

**धनु** :-नाता-कुटुम्बको आगमन हुने एवम् परिवारमा नयाँ सदस्य थपिन पनि सक्ने सम्भावना छ भने कसै कसैलाई घर फर्कने र परिवारमा रमाइलो वातावरण बन्नेछ ।

**मकर**:- आज हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । दुरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरू हुन सक्छ ।

**कुम्भ**:- आज उपहार पाईने दिन छ । परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ । मठ–मन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ ।

**मिन** :- कला,साहित्य तथा संगीतमा रूचि बढ्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । धार्मिक यात्राको योग रहेको छ । आफन्त रमाईलो भेटघाटपनि हुनेछ ।

# धार्मिक कर्म काण्ड–कति सत्य कति अन्धविश्वास कस्तो ...

## गाउँघर

**राजकुमार राउत**



नेपालमा प्रत्येक धर्मावलम्बीले आ–आफ्ना किसिमले धार्मिक अनुसन्धानलाई सम्पन्न गर्ने गर्छन् । नेपालमा जस्तो विश्वको कुनै मुलकमा पनि यति सा-हो धार्मिक स्वतन्त्रता छैन । विश्वमा प्रचलित सबै धर्म नभए पनि ९० प्रतिशत धर्मावलम्वीहरू नेपालमा आफ्ना गतिविधिहरू गर्दै आइरहेका छन् । केही बर्ष पहिले राष्ट्रिय धर्म हिन्दु हुँदा अर्थात् संवैधानिक धर्म हिन्दु हुँदा अरू धर्मको बारे आम नेपालीलाई अत्तोपतो हुँदैन्थ्यो । तर नेपालको संविधान २०७२ बाट धर्म निरपेक्ष राष्ट्र नेपाल भए लगतै सबै धर्मका अनुयाहीहरूले निर्वाध रूपमा र विना रोक टोक आफ्नो क्रिया गर्न पाईरहेका छन् ।

हिन्दु धर्म, बौद्ध धर्म, मुस्लिम धर्म लगायत इत्यादि धार्मिक प्रवृत्तिहरू नेपालमा विशेष चर्चामा छन् । सवै धर्ममा सैद्धान्तिक र व्यवहारिक पक्षमा अत्यन्तै अ–समानता र अन्धविश्वास पाइएको छ । मुस्लिम धर्ममा सैद्धान्तिक विवेचनालाई अध्ययन गर्ने हो भने कसैलाई पैसा ऋणमा दिनु पर्‍यो भने शुद्ध (ब्याज) नलिनु भने कुरामा स्पष्ट उल्लेख छ । तर व्यवहारमा त्यो छैन रोजा पर्व बस्दा मुस्लिम समुदायमा बच्चा, बिरामी, बूढो र बाटोमा हिंड्ने यात्रु तथा बटुवाले रोजाव्रत नलिने भन्ने उल्लेख छ तर व्यवहारमा त्यो छैन । मापदण्डमा उल्लेख भएको विवरणको विरूद्ध पनि रोजा व्रत लिइरहेका हुन्छन् र जसको असर नराम्ररी किसिमले स्वास्थ्यमा परेको हुन्छ । एक जना मेरा परम मित्र नेपाली कांग्रेसका नेता अब्दुल करीम एक महिनासम्म रोजा व्रत लिई राख्नु हुन्छ र मैले कति चोटी उहाँलाई प्रश्न पनि गर्ने गरेको छ, ए करीम जी तपाईँ त चिनीको विरामी ब्रत नलिंदा पनि हुन्छ, तर उहाँले जवाफ दिनुहुन्छ, होइन धर्म भन्दा ठूलो स्वास्थ होइन र उहाँको शरीर १ महिनामा सुकेर पराल जस्तो हुन्छ र नतिजा के हुन्छ भन्ने लामो समय सम्म उहाँ कमजोरीको शिकार बन्नुपर्छ र काठमाडौं उपचारमा धाउने गर्नुहुन्छ ।

त्यस्तै हिन्दु धर्मको मूल मन्त्र भनेको सत्य, अहिंसा, शान्ति, सद्व्यवहार, परोपकार दाना, यज्ञ तर हिन्दु धर्मकै पूजा भनेर गढीमाई देखि ढोढनाको राजदेवी स्थान सखडा भगवती, कंकालनी देखि देशका अनेकौ स्थानमा लाखौ बलि चढाइन्छ र दावी के गर्छन भने बली चढाउनेको घरमा अकाल मृत्यु हुँदैन, विधवा बन्दैन, सुख शोभाग्यले परिपूर्ण हुन्छ, निसःन्तान व्यक्तिको बालबच्चा हुन्छ । धनको कामना गर्ने मान्छे, धन प्राप्त गरी धनी बन्छ ती सबै परम्परागत क्रियाकलापहरू र कर्मकाण्डहरू घोर अन्य विश्वास छन् । २०७६ सालको घटना हो वैशाख पूर्णीमाकै दिन विद्यानगर, छजना गाउँबाट आएको एक समूह खसी बोका–बोकी गाडीमा लादेर ढोढना बली चढाउन पुगेका थिए र बली चढाउनु भन्दा १ मिनेट पहिले प्रचण्ड गर्मी र लू को कारण उसको अकाल मृत्यु भएको थियो र राजदेवी माताले उसलाई बचाएनन् । शास्त्रका अनुसार जीव हिंसा गरेर देवी देवता कहिले खुशी नभएको प्रमाणहरू प्रशस्तै छन् त्यसैले जीव हिंसा र अशान्तिबाट टाढा बस्नु नै कुनै अमूष्क धर्म नभएर समस्टीमा मानव धर्म हुँदैन । संसार र ब्रम्हाण्डको श्रृष्टी भएको बखत देखि ब्रम्हा, विष्णु महादेव, गणेश, भगवती दुर्गा र हुनमानजी के आधारले सारा संसार हिंडेको छ । सोभापुरको एक जना मुस्लिम साथी मिन्न तुल्ला भनेले मलाई एकपल्ट भनेका थिए राजकुमारजी मुस्लिमहरूको हुँदै सूर्य र चन्द्रमा त छैन उनीहरूको छुटै दिन र रात त छैन । आफूमा सम्प्रदाय बनाउनका लागि धर्म श्रृजना गरेर कालान्तरमा व्यक्ति र धार्मिक समुदायका व्यक्तिहरूले धर्मको अंग श्रृजना गरेका छन् । मुस्लिम धर्ममा समेत कहिं कतै अरूलाई दुःख दिनुपर्छ अरूलाई सलाउनु पर्छ र हिंसा गर्नुपर्छ भने छदै छैन । मुस्लिम धर्मको कुनै पनि पर्वमा द्वीतीया तिथीको चन्द्रमालाई दर्शन गरेर मात्र मुस्लिम साथीहरूले पर्वको शुरूवात र अन्त गर्ने गर्छन् । चन्द्रमा भन्नेको हिन्दुहरूको अराध्य देव हो र महादेवको एक मात्र गहना हुन् । गौतम बुद्धलाई विष्णुको २४ अवतार मध्ये एक मानिन्छ जो बाँचुन्जेल सत्य, साँचो, अहिंसा र शान्तिको लागि जीवन अर्पित गरे जसको कारण उनी ईश्वरको रूपमा सारा संसारमै पूज्यनीय छन् । २१ औं शताब्दीको विश्वकै समग्र धर्मको दिशा निर्देश भनेको धर्मको नाउँमा शरीरलाई कष्टबाट जोगाउनु र पीडाबाट मुक्त गराउनु अन्धविश्वासबाट मुक्ति पाउनु, बलि प्रथाको र जीव हिंसाको अन्त गरी शान्तिमय, अहिंसामय विश्वको रचना गर्नु हो । यससँग सम्बन्धित हरेक वाक्य र विचारसँग विश्व हिन्दु महासंघको नगर सभापति महावीर मण्डल अनुमोदित छन् । **अस्तु ।**

अनुगमनको व्यवस्थापन गरी अर्थतन्त्रलाई गतिशील बनाउनु आवश्यक छ । यस प्रक्रियाले स्थानीय रूपमा रोजगारी सिर्जना गर्दै अर्थतन्त्रलाई गतिशील बनाउन योगदान गर्नेछ ।

स्वरोजगार सिर्जना गर्ने अवसरका रूपमा अहिलेको समयलाई उपयोग गर्ने र नेपाली युवाहरूलाई स्थानीय रूपमै रोजगार सिर्जना गर्न उद्यमशीलता तालिम र तालिममा सहभागीहरूले छनोट गरेका प्रस्तावका आधारमा उद्यम सञ्चालन गर्नका लागि एकल तथा सामूहिक अनुदान प्रदान गर्ने व्यवस्था आगामी बजेटमा गर्नु आवश्यक छ ।

**रोजगार कोष एवं विपद् व्यवस्थापन कोष निर्माण र परिचालन**

कोभिड–१९ को महामारीले संसारलाई प्रभावित गरेजस्तै नेपालीहरु र नेपाली अर्थतन्त्र पनि प्रभावित भएको छ । देशभित्र र बाहिर गएर श्रम गर्ने र त्यसबाट प्राप्त रकमले जीवन सञ्चालन गर्ने युवा जनशक्ति अहिले निरन्तर बेरोजगारीको चपेटामा परिरहेको छ । यस्तो अवस्थामा हामीले बनाउने बजेट, नीति तथा कार्यक्रमलाई स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने गरी हाम्रा नीति, कार्यक्रम तथा बजेटलाई अघि बढाउन आवश्यक छ ।

आगामी बजेटमा स्थानीय सरकारहरूले रोजगार कोषको स्थापना गरी रोजगार सिर्जनाका कार्यक्रम तय गर्ने र निरन्तर रूपमा हामीले बेहोरिरहेका प्राकृतिक विपद्को सामना गर्न विपद् व्यवस्थापन कोष निर्माण र परिचालनको कार्यविधि बनाएर अघि बढ्नु आवश्यक छ ।

सानो विपद् आउँदा पनि अरूसँग हात थाप्नुपर्ने अवस्थाको अन्त्य गर्दै हामीले स्थानीय स्तरमै रोजगार कोष र विपद् व्यवस्थापन कोष निर्माण गरी हरेक वर्ष त्यो कोषलाई निरन्तरता दिने गरी व्यवस्थापन गर्न सके सहज रूपमा रोजगारी सिर्जना गर्न र सबै खालका विपद्को सामनामा सहजता ल्याउनेछ ।

**कृषिमा मल, बिउ र उपकरणमा अनुदान**

कृषिमा आधारित हाम्रो अर्थतन्त्रलाई उकास्ने हो भने अब कृषिमा सरकारी अनुदान अहिलेको आवश्यकता हो । कृषि उत्पादनमा वृद्धि गर्नका लागि अब किसानलाई अनुदान नदिई, मल, बिउ र उपकरणमा अनुदान नदिने हो भने साना किसानले आफैँले लगानी गर्न सक्ने आर्थिक अवस्था छैन ।

अब उत्पादन प्रणालीमा सबैलाई आबद्ध गर्ने, श्रमको सम्मान गर्ने र किसानलाई उत्साही बनाएर कृषिलाई सम्मानित पेसाका रूपमा अघि बढाउने अभियानमा स्थानीय सरकारहरु अघि बढ्नु आवश्यक

———— *बाँकी ४ पेजमा*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ–आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# बच्चाको शारीरिक-मानसिक विकासको लागि नभुलौं यी ६ सुझाव



बच्चाहरूको भविष्य र पोषणको बारेमा धेरै आमाहरू चिन्तित हुन्छन् । भविष्यमा बच्चा तीक्ष्ण बुद्धियुक्त होस् भन्ने सबै आमाहरूको सोच हुन्छ । त्यसैको लागि आमाहरुले बचपनदेखि, बदाम र ओखर खुवाउन थाल्छन् ।

तर के एउटा ओखर र बदाम खुखाउँदैमा बच्चाको मानसिक विकास द्रूत गतिमा अघि बढ्ला त ? जानकारहरू केवल यस्ता खानेकुराले मात्रै बच्चाको सर्वाङ्गिण विकासमा सहयोग नमिल्ने बताउँछन् ।

**गाजर खाँदा आँखाको दृष्टिमा वृद्धि हुन्छ ?**

अक्सर हामी सुन्छौं कि गाजर खानाले आँखाको दृष्टिमा राम्रो प्रभाव पार्छ । यो सत्य हो भन्नेमा विज्ञहरु सहमत छन् । गाजरमा भिटामिन ए प्रशस्त मात्रामा पाइन्छ । भिटामिन ए दृष्टि वृद्धि गर्नमा धेरै उपयोगी तत्व हो । साँझमा दृष्टिमा हुने समस्यालाई गाजर खाएर कम गर्न सकिन्छ । तर केही अभिभावकहरूले ठूलो मात्रामा बच्चालाई गाजर खुवाउने गर्छन् । यो मात्रै पनि प्रभावकारी भने हुँदैन । गाजरसँगै आहारमा हरियो पातदार तरकारीहरु पनि समावेश गर्नुपर्छ, यसले दृष्टिलाई पनि असर गर्छ । यसको ख्याल राख्नुहोस् यदि बच्चाको आँखा धेरै कमजोर हुँदै गइरहेको छ भने यसलाई न्यूनीकरण गर्न खाना र पेय पदार्थमा मात्रै ध्यान दिने नभएर चिकित्सकको सल्लाहलाई समेत ध्यान दिनुपर्छ ।

**शाकाहारी बच्चाहरूमा प्रोटिनको आपूर्ति कम हुन्छ ?**

शाकाहारी बच्चाहरूमा प्रोटिनको आपूर्ति कम हुन्छ भन्ने तर्कलाई विज्ञहरु गलत ठान्छन् । कि दाल, सिमी, सोयाबिन, पनिर आदि प्रोटिनको राम्रो स्रोत हो । शाकाहारी केटाकेटीहरुले यिनीहरूबाट प्रशस्त मात्रामा प्रोटिन पनि पाउन सक्छन् । खाना नखाने बच्चाहरु जस्तै, शाकाहारी केटाकेटीहरूले अन्नको माध्यमबाट पनि प्रोटिन आपूर्ति गर्न सक्छन् ।

**के चिसोबाट बच्नको लागि भिटामिन सी आवश्यक छ ?**

बच्चाहरूको प्रतिरोध क्षमता भिटामिन सीद्वारा वृद्धि गर्न सकिन्छ । यससँगै, प्रतिरक्षा प्रणालीले संक्रमणबाट बच्न पनि भिटामिन सी प्रभावकारी हुन्छ ।

तर चिकित्सकको सल्लाहविना भिटामिन सी सप्लिमेन्ट लिनु उचित भने हुँदैन । यसको लागि मौसमी फलफूलहरू अंगुर जस्ता आहार लिन सकिन्छ । किनकि त्यहाँ धेरै भिटामिन सी हुन्छ ।

**के बदामले बच्चाहरूको मानसिक विकासलाई तीब्र बनाउँछ ?**

विज्ञहरु यो तर्कलाई गलत ठान्छन् । उनीहरु यी ड्राइफ्रुट्समा हुने ओमेगा ३ फ्याट्टी एसिडहरूले मस्तिष्कको मेमोरी अंशलाई स्वस्थ राख्छ भन्ने तर्कमा भने सहमत छन् । यही कारणले नियमित बदाम खाने बच्चाहरूको दिमाग अरूको भन्दा स्वस्थ र तीक्ष्ण भने हुन्छ । यी खानेकुराले दिमागमा पर्याप्त मात्रामा पोषण दिन पनि सहयोग गर्छ ।

**राम्रो विकासका लागि राम्रो निद्रा आवश्यक छ ?**

२ देखि १० वर्ष उमेरका बच्चाका लागि ८ देखि ९घण्टाको निन्द्रा आवश्यक हुन्छ । यसले बच्चाको शरीरमा ऊर्जा मात्र बढाउँदैन, उनीहरूको शारीरिक वृद्धि गराउने हार्मोनको पनि विकास गराउँछ । यस्तो अवस्थामा बच्चाको शारीरिक र मानसिक विकासको लागि पर्याप्त मात्रामा निद्रा प्राप्त गर्नु महत्वपूर्ण छ । यदि यस उमेरका बच्चाहरूमा निद्राको पर्याप्तता छैन भने घरमा सबै जनाको लागि समय तालिका बनाएर निदाउने गर्नुपर्छ ।

**बच्चाहरुको उचाइ बढाउन पर्याप्त दूध सेवन आवश्यक छ ?**

विज्ञहरुका अनुसार क्याल्सियमको लागि दूध जस्तो राम्रो स्रोत केही पनि छैन । यसको सेवनले शारीरिक विकासमा मद्दत पुर्‍याउँछ । तर यसको मतलब यो हेइन कि बच्चाहरूको उचाइको लागि जतिसक्दो धेरै दूध पिउनुपर्छ ।

जन्मको कम्तीमा ६ महिनासम्म नवजात शिशुलाई आमाको दूध मात्रै खुवाउनुपर्छ । त्यसपछि अन्य खानासँगै गाईको दूध पनि खुवाउन सकिन्छ ।

*अनलाईनखबरडटकमबाट*

## कस्तो ...

छ । बाली बिमा, पशु बिमा, पशुपक्षीपालन आदि बिमाजस्ता त्रि्रयाकलापमा स्थानीय सरकारको लगानी आवश्यक छ । यी काम गर्न सक्यौं भने कृषि क्षेत्रको व्यावसायिकीकरण र उत्पादन वृद्धि भई खाद्य संकट समाप्त हुनेछ । साथै, देशको कुल गार्हस्थ उत्पादनमा वृद्धि, रोजगारी सिर्जना र गरिबी न्यूनीकरणमा समेत योगदान गर्नेछ ।

**कृषि उत्पादनको प्रशोधन, खरिद, भण्डारण तथा वितरण व्यवस्थापन**

कृषिमा लगानी गरिसकेपछि उत्पादित कृषिजन्य वस्तुको बजारीकरण, भण्डारण, प्रशोधन तथा वितरण व्यवस्थापनको संयन्त्र निर्माण कार्यान्वयन अहिलेको आवश्यकता हो । उत्पादित वस्तुको लागत मूल्य पनि नपाउने र कतिपय उत्पादन बिक्री नहुने र खेर जाने अवस्थाको अन्त्य गर्न कृषि उत्पादनको बजारीकरण, भण्डारण, प्रशोधन र वितरणको व्यवस्थापन गर्नु आवश्यक छ । उत्पादित कृषिजन्य वस्तु खरिदको सुनिश्चितता नभएसम्म किसानहरूले मिहिनेतका साथ श्रम गर्न सक्दैनन् । उत्पादित वस्तुले बजार नपाउने र गरेको लगानीसमेत खेर जाने अवस्थामा दुःख मात्रै हुने किसानको गुनासो रहँदै आएको छ । यस्तो अवस्थामा उनीहरूलाई उत्पादित कृषिजन्य वस्तु अब खेर जाँदैनन्, त्यसको बिक्री वितरण, भण्डारण र प्रशोधन सरकारले गर्छ भन्ने विश्वास सिर्जनाका लागि आवश्यक व्यवस्थापन गर्नुपर्छ ।

**प्राविधिक शिक्षालय स्थापना र सञ्चालन**

हरेक पालिकाहरुले पालिकाभित्रको कम्तीमा एउटा सरकारी मावि वा उच्च माविलाई प्राविधिक शिक्षालयको रूपमा स्थापना गरी सञ्चालन गर्नु आवश्यक छ । बहुविषयक बनाएर प्राविधिक शिक्षाको सुरूआत यसै शैक्षिक सत्रदेखि अघि बढाउन आवश्यक बजेट व्यवस्था गर्ने र स्थानीय पालिकामै आवश्यक भएको र त्यही पालिकामा रोजगार सिर्जना हुने गरी यस्ता प्राविधिक शिक्षालयको स्थापना र सञ्चालनले मात्रै जनशक्तिको आवश्यकता परिपूर्ति हुन सक्छ । यसले स्थानीय रूपमै रोजगारी सिर्जना हुने कुराको सुनिश्चितता आवश्यक छ ।

स्थानीय ज्ञान, सीप र क्षमतालाई स्थानीय विकासमै लगाउने र स्थानीय तहमै रोजगारी सिर्जना गर्ने गरी सञ्चालन गर्न सके यसबाट ठूलो जनशक्ति पालिका बाहिर वा जिल्लाबाहिर वा देशबाहिर जाने युवा जनशक्तिलाई स्थानीय तहमै रोक्ने र विकास अभियानमा उसको सहभागिता गराउन योगदान गर्नेछ ।

**अभिलेख व्यवस्थापन**

पालिका स्तरमा स्थानीय सरकारले गरेका कामहरूको अभिलेख व्यवस्थित गर्नु आवश्यक छ । त्यसबाहेक पालिकाको शिक्षा, स्वास्थ्य, रोजगार, ज्येष्ठ नागरिक, असहाय बालबालिकाहरु, फरक क्षमता भएका मानिसको संख्या र अवस्थालगायत स्थानीय रूपमा रहेका प्राकृतिक तथा सामुदायिक स्रोतको अभिलेखीकरण आवश्यक छ ।

आफ्नो उत्पादन बिक्री गर्ने, १२, ९, ६, र ३ महिना खान पुग्ने जनसंख्या, दैनिक श्रम गरेर खाने जनसंख्या, दीर्घरोगी, कामका लागि देशभित्रै बाहिर जाने र वैदेशिक रोजगारीमा गएकाहरूको अभिलेख व्यवस्थापन गर्न सकियो भने मात्रै हामी विभिन्न विपद्को समयमा उनीहरूको संरक्षण र सहयोग गर्न सक्छौं । पालिकास्तरमा सबै खालका अभिलेखको व्यवस्थापनले मात्रै हामी हाम्रो विकास प्रक्रियालाई ठीक ढंगले अगाडि बढाउन सक्छौं र आवश्यक परेको बेला सहयोगको लेनदेन गर्न सकिन्छ । यो काम व्यवस्थित गर्नु आवश्यक छ ।

**अनावश्यक खर्च कटौती**

अनुत्पादक तथा तत्काल प्रतिफल दिन नसक्ने योजना तथा कार्यक्रम कटौती गरी स्रोत सिर्जनाको व्यवस्थित योजना निर्माण गरी कार्यान्वयन गर्ने काममा स्थानीय सरकारहरूले विशेष ध्यान दिनु जरूरी छ । नयाँ योजना तथा कार्यक्रम तत्काल प्रतिफल दिन सक्ने र सबै कार्यक्रमबाट रोजगार सिर्जना भई स्थानीय युवाहरूलाई आ(आ ँ नै पालिकाहरूमा काम गरेर, श्रम गरेर खान सक्ने अवस्थाको सिर्जना गर्नु अहिलेको प्रमुख आवश्यकता हो ।

अनावश्यक खर्च कटौती, करको दायरामा वृद्धि, स्वास्थ्य क्षेत्रमा सुधार, कृषिमा अनुदान र रोजगारी सिर्जना, सुविधासम्पन्न अस्पताल निर्माण, प्रत्येक पालिकाहरूमा कम्तीमा एक(एक वटा उद्योग स्थापना र सञ्चालन, प्रत्येक पालिकामा एक–एक वटा प्राविधिक शिक्षालय सञ्चालन गरी बेरोजगार युवाहरूलाई स्वदेशमै रोजगारी सिर्जना गर्न सकिन्छ । विपद् व्यवस्थापन, युवा रोजगार कोष, स्वास्थ्योपचारजस्ता कोष निर्माण र सञ्चालन गरी नेपाली अर्थतन्त्रलाई संकटबाट उठाउन सकिन्छ । *पालिका खबरबाट*

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट् LAHANPOST DAILY

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)